बैठक संख्या १३ समयः बिहान ११ बजे बैठक मिति २०७९।०६।३०

आज मिति २०७९ साल असोज ३० गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दलजीत सिह धामी | अध्यक्ष | |
| २ | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष | |
| ३ | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री गणेश टमटा | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य | चन्द्रा |
| ११ | श्री जोगी टमटा | कार्यपालिका सदस्य | |
| १२ | श्री नरमा धामी | कार्यपालिका सदस्य | |
| १३ | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य | |
| १४ | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य | रुकमती |
| १५ | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत | पुष्कर सिंह धामी<br>प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः श्री बिमल सिंह धामी का।स

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

<u>प्रस्तावहरुः</u>

१. झोलुङ्गेपुल हेरालुहरुको नियुक्ति थप सम्बन्धमा।

२. सिप्टी मा. वि.को भवन निर्माण ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा।

३. करार कर्मचारीहरुको करार सम्झौता थप गर्ने सम्बन्धमा।

४. विज्ञहरुको भत्ता निर्धारण गर्ने सम्वन्धमा।

५. वडा न ६ को वडा कार्यालय घेरपर्खाल शीर्षकको रकम रकमान्तर गर्ने सम्वन्धमा।

६. नौगाड खोला र होपरी खोलामा ह्युम पाइप राख्ने सम्बन्धमा।

७. कानुनी सल्लाहकार नियुक्त गर्ने सम्बन्धमा।

८. बजार ब्यवस्थापन तथा अनुगमन कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।

९. विविध।

पुष्कर सिंह थामी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १ प्रस्ताव न १ माथि छलफल गर्दा यस नौगाड गाउँपालिका भित्र रहेका झुलुङ्गेपुल हेरालुहरुको
नियुक्तिको म्याद थप गर्ने र मासिक रु ५०० उपलव्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं २ प्रस्ताव नं. २ माथी छलफल गर्दा गणेश विनायक मा वि सिप्टिको निर्माणाधीन विद्यालय भवन
निर्माणको ठेक्का सम्झौता २०७९ कार्तिक मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ३ प्रस्ताव न ३ माथि छलफल गर्दा यस गाउपालिका अन्तर्गत कार्यरत करार सेवाका
कर्मचारिहरुको करार सम्झौताको म्याद २०७९ पौष मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मत रुपमा पारित
गरियो।

निर्णय न ४ प्रस्ताव न ४ माथि छलफल गर्दा यस नौगाड गाउँपालिकामा करार कर्मचारीहरु नियुक्त
गर्दा प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका जाँच गर्न र अन्तरर्वाता लिने सम्मको कार्यका लागि विज्ञहरुलाई जनही
एकमुष्ठ रु १००००/- (दशहजारमात्र) उपलव्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय न ५ प्रस्ताव न ५ माथि छलफल गर्दा यस नौगाड गाउँपालिका वडा न ६ को स्वीकृत वार्षिक
वजेट अनुसार वडा कार्यालय धेरपर्खाल अन्तर्गतको १३,००,०००/- (अक्षरुपी तेहलाख) रकम मध्ये
वडाकार्यालय भवन निर्माण गर्दा जग्गा मिचिएका श्री गोरे धामी लाई रु ५००००० (अक्षरुपी रु पाँचलाख)
उपलव्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ६ प्रस्ताव न ६ माथि छलफल गर्दा यस नौगाड गाउँपालिका भित्र रहेको नौगाड खोला र होपरी
खोलामा ह्युम पाइप राख्न लागत अनुमान तयार गर्न नौगाड गाउकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र
सोका आधारमा विपद व्यवस्थापन कोषवाट नियमानुसार भुक्तानी दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ७ प्रस्ताव न ७ माथि छलफल गर्दा यस नौगाड गाउँपालिका गाउकार्यपालिकाको लागि कानुनी
सल्लाहकार आवश्यक रहेकोले वार्षिक रु २००००० (अक्षरुपी दुइलाख मात्र) पारिश्रमिक पाउने गरी नियुक्त
गर्न गाँउकार्यपालिको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ८ प्रस्ताव न ८ माथि छलफल गर्दा बजार व्यवस्थापन तथा अनुगमन कार्यविधि २०७९ स्वीकृत
गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत